**अँग्रेजी भाषा अभिग्रहण विभाग**
इमिली ग्रिफिथ क्याम्पस
1860 LINCOLN STREET, 10TH FLOOR
DENVER, COLORADO 80203
टेलिफोन (७२०)४२३-२०४०, फ्याक्स (७२०) ४२३-८१६८

DENVER PUBLIC SCHOOLS
Discover a World of Opportunity™

अभिभावकहरूका लागि इएलएको बारेमा बारम्बार सोधिने प्रश्नहरू

**प्र : रजिस्ट्रेसनमा मैले कस्ता निर्णयहरू गर्नुपर्ने हुन्छ ?**
उ : तपाईंले गृह भाषा प्रश्नावली र स्कूलमा प्रदान गरिने कार्यक्रमहरूमा आधारित रहेर आफ्नो बच्चाको लागि भाषा विकास कार्यक्रम छनोट गर्नु पर्ने हुन्छ ।

**प्र : यदि अघिल्ला वर्षहरूमा मेरो बच्चा डिपिएस स्कूलमा रजिस्टर भएको भए के हुन्छ ? के मैले नयाँ इएलए फारामहरू पूरा गर्नुपर्छ ?**
उ : यदि तपाईंले भिन्न इएलए कार्यक्रम छनोट गर्न चाहनुहुन्छ भने तपाईंले अभिभावक अनुमति फारामलाई अध्याबधिक गर्न छनोट गर्न सक्नुहुन्छ, तर यो आवश्यक छैन । अन्य कुनै इएलए फारामहरू बुझाउनु जरूरी छैन ।

**प्र : रजिस्ट्रेसनका लागि मैले के ल्याउनु आवश्यक हुन्छ ?**
उ : नयाँ स्कूलमा रजिस्टर गर्नका लागि तपाईंले निम्न कुरा ल्याउनु पर्दछ : (१) बच्चाको जन्म प्रमाणपत्र प्रतिलिपि वा पासपोर्ट; (२) लिज वा युटिलिटी बिल जस्तो ठेगानाको प्रमाण; (३) र वर्तमान खोपका रेकर्डहरू ।

**प्र : मेरो बच्चा (______) देशमा स्कूल जान्थ्यो र (______) ग्रेडमा थियो । यदि मैले आफ्नो बच्चालाई डिपिएस स्कूलमा रजिस्टर गरैं भने के ऊ/उनी त्यही कक्षामा हुन्छ/हुन्छिन् ?**
उ : हामीले विद्यार्थीहरूको जन्ममिति अनुसार सकेसम्म समान ग्रेड तहमा राख्नका लागि प्रयास गर्छौं ।

**प्र : मेरो बच्चालाई इएल पहिचान गरियो भने त्यसले उसको शिक्षामा के अर्थ राख्छ ? गैर-इएल भएमा ?**
उ : यदि तपाईंको बच्चा अँग्रेजी भाषा सिकारू (इएल) पहिचान गरियो भने, उसले वा उनले अतिरिक्त भाषा सेवाहरू प्राप्त गर्छन्/गर्छिन् (अँग्रेजी लेखाइ, पढाइ, सुनाइ र बोलाइमा अतिरिक्त सहायता) । इएलए कक्षाकोठामा पनि तपाईंको बच्चाले मूलधारको कक्षाकोठामा सिक्ने गरेकै शैक्षिक विषयवस्तु सिक्नेछ । यदि तपाईंको बच्चालाई गैर-अँग्रेजी भाषा सिकारू पहिचान गरियो भने, उसलाई वा उनलाई मूलधारको कक्षामा भर्ना गरिनेछ ।

**प्र : यदि मेरो बच्चालाई गलत पहिचान गरियो भने ?**
उ : यदि तपाईंलाई आफ्नो बच्चालाई गलत पहिचान गरियो भन्ने लाग्छ भने, स्कूलको सेक्रेटरीलाई भेट्नुहोस् र स्कूलको आइएसए समूहसँग बैठक अनुरोध गर्नुहोस् ।

**प्र : अभिभावकका रूपमा म कसरी पहिचान वार्तालापको भाग हुन सक्छु ?**
उ : रजिस्ट्रसनका बेला इएलएसँग सम्बन्धित व्यक्ति वा स्कूल प्रशासकसँग कुरा गर्न भन्नुहोस् ।

**प्र : यदि मेरो बच्चा भिन्न स्कूलमा जान्छ भने, इएलए कार्यक्रम सेवाहरू प्राप्त गर्नको लागि उसले वा उनले पुन पहिचान प्रक्रियाबाट गुज्रिनु पर्छ ?**
उ : पर्दैन तपाईंको बच्चाले इएलए कार्यक्रमबाट बाहिरिने मापदण्डहरू पूरा नगरेसम्म उसलाई वा उनलाई अँग्रेजी भाषा सिकारूहरूका रूपमा पहिचान गरिइराखिनेछ ।

**प्र : मेरो बच्चालाई अँग्रेजी भाषा सिकारूका रूपमा पहिचान गरिएको भनी इएलए विभागबाट मैले पत्र प्राप्त गरेको छु ।** यसको अर्थ के हो**यसको अर्थ के हो ?**
उ : यस पत्रले तपाईंको बच्चा अँग्रेजी भाषा सिकारूका रूपमा पहिचान गरिएको कुरा बताउँछ र तपाईंले आफ्ना बच्चाका लागि छनोट गरेको इएलए कार्यक्रमबारे विस्तारित जानकारी दिन्छ । यस अतिरिक्त, यसमा तपाईंको बच्चाको अँग्रेजी प्रवीणता तह र समग्र शैक्षिक उपलब्धि मापन गर्ने सबैभन्दा पछिल्लो मूल्याङ्कनका नतिजाहरू पनि सामेल हुन्छ ।

**प्र : यदि मेरो बच्चालाई अनुपयुक्त कक्षाकोठामा राखियो भने मैले के गर्नुपर्छ ?**
उ : आफ्नो स्कूलको प्रशासकसँग सम्पर्क गर्नुहोस् र आफ्नो बच्चालाई सेवा दिइरहेको शिक्षकसँग छलफल गर्न अनुरोध गर्नुहोस् ।

**प्र : मेरो बच्चाले बार्षिक रूपमा किन एसिसिइएसएस परीक्षण लिनु पर्दछ ?**
उ : तपाईंको बच्चालाई प्रत्येक वर्ष उनीहरूको अँग्रेजी भाषा प्रवीणता मूल्याङ्कन गर्नका लागि परीक्षण गरिन्छ । उसलाई वा उनलाई पढाइ, लेखाइ, सुनाइ वा बोलाइमा परीक्षण गरिन्छ । यी प्राप्ताङ्कहरूलाई तपाईंको बच्चा पुन नियुक्तिका लागि योग्य छ कि छैन भनि निर्णय गर्न पनि प्रयोग गरिन्छ ।

**प्र : यदि मेरो बच्चाले एसिसिइएसएस परीक्षण लिएन भने के उसलाई नकारात्मक असर पर्छ ?**
उ : यदि तपाईंको बच्चा परीक्षणमा सहभागी भएन भने, उसलाई वा उनलाई पुन नियुक्तिका लागि विचार गरिंदैन ।

**प्र : मेरो बच्चा पुन नियुक्त भयो भन्नाले के बुझिन्छ ?**

उ : यदि तपाईंको बच्चा पुन नियुक्ति भयो भने, उसले वा उनले अँग्रेजी प्रवीणता आवश्यकता पूरा गरेको हुनेछ र उसले वा उनले भाषा सेवाहरू त्यस पछि प्राप्त गर्नेछैनन्। यस अतिरिक्त उसलाई वा उनलाई पुन नियुक्तिको दुई वर्षसम्म उनीहरूले प्रगति गरिरहेको सुनिश्चित गर्नका लागि अनुगमन गरिनेछ।

**प्र : मेरो बच्चालाई पुन नियुक्ति गरिएको छ र उसलाई भिन्न कक्षाकोठामा पठाइएको छ। के उनीहरू वर्षको अन्त्य सम्म सोही शिक्षकसँग रहिरहून् भन्नका लागि कुनै उपाय छ ?**
उ : तपाईंको अनुरोध अनुसार आइएसए समूहले यस्तो सिफारिस गर्न सक्नेछ।

**प्र : मेरो बच्चाले अँग्रेजी प्रवीणता प्राप्त गरिसकेपछि पनि किन उसलाई वा उनलाई अनुगमन गरिइरहेको छ ?**
उ : तपाईंको बच्चालाई पुन नियुक्तिको दुई वर्षसम्म उसले शैक्षिक प्रगति गरिरहेको र कक्षाकोठामा सफल हुनका लागि उसलाई अँग्रेजी भाषा सेवाहरूको आवश्यकता नरहेको सुनिश्चित गर्न अनुगमन गरिन्छ।

**प्र : किन मेरो बच्चालाई इएलए सेवाहरूमा पुन भर्ना गरियो ?**
उ : यदि तपाईंको बच्चाले दुई वर्षको अनुगमन अवधिमा शैक्षिक प्रगति गरिरहेको छैन भने, आइएसए समूहले उसलाई वा उनलाई भाषा सेवाहरू अझै आवश्यक रहेको निर्धारण गर्न सक्छ। यदि अभिभावकहरूलाई यो निर्णय उचित नलागेमा उनीहरूले आइएसए समूहलाई सम्पर्क राख्नुपर्छ।

**प्र : मेरो बच्चाका लागि बहिगमन के बुझिन्छ ?**
उ : इएलए कार्यक्रमबाट बाहिरिएको बच्चालाई पूर्ण रूपमा अँग्रेजी प्रवीण मानिन्छ र उसले वा उनले अँग्रेजी भाषा सेवाहरू वा शिक्षण प्राप्त गर्दैनन्।